# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### धोबी बजार, रामेछाप

बागमती प्रदेश, नेपाल

## अमिन आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०५/०६ गते)

लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापको लागि तपसिल बमोजिमको पदमा लिखु तामाकोशी गाउँपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ बमोजिम मिति २०८१/०४/३१ को गाउँ कार्यपालिकाको निर्णयानुसार व्यक्ति करार सेवामा खुला प्रतियोगितात्मक प्रतिस्पर्धा मार्फत सेवा करार गर्नु पर्ने भएकोले इच्छुक नेपाली नागरिकले तपसिलको बन्देज तथा शर्तहरुको अधीनमा रही लिखु तामाकोशी गाउँपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-३ बमोजिमको ढाँचा -लिखु तामाकोशी गाउँपालिकाको वेवसाइट www.likhutamakoshimun.gov.np मा विद्युतीय सुशासन सेवा नमूना फारामहरुको प्राविधिक पदपूर्तिका लागि दरखास्त फाराम पिडिएफ डाउनलोड गरी) मा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (१५ औं दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) रीतपूर्वक दरखास्त आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि.नं. | विज्ञापन नं. | पद/तह | छनौट परीक्षाको किसिम | माग पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | ०१/२०८१/०८२ | अमिन (चौथो) | लिखित र अन्तर्वार्ता | १ (एक जना) |

**शर्त/बन्देजहरुः**

**१. आवेदन दिने स्थानः-** लिखु तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछाप वा likhutamakoshi@gmail.com मा वा ९८६११८६६६० WhatsApp मा समेत आवश्यक सम्पूर्ण कागजात स्क्यान गरी दरखास्त आवेदन पेश गर्न सकिनेछ।

**२. आवेदन दस्तुरः-** रु.१०००।– (अक्षरुपी एक हजार मात्र)

**३. दस्तुर बुझाउने स्थानः-** नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि., लिखु तामाकोशी शाखा खाता नं. ग १.१ आन्तरिक राजस्व खाता ०७००१४००२५००१६ मा नगद जम्मा गरी आवेदन दस्तुर दाखिला गरेको सक्कलै बैंक भौचर कार्यालयमा आई वा likhutamakoshi@gmail.com मा वा ९८६११८६६६० WhatsApp मा स्क्यान गरी दरखास्त साथ पेश गर्नु पर्नेछ।

**४. शैक्षिक योग्यताः-** लोक सेवा आयोगले लिने अमिन पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट गणित विषय लिई एसएलसि वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ (एक) वर्षको तालिम प्राप्त गरेको।

**५. उमेरः-** पुरुष उम्मेदवारको हकमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष उमेर ननाघेको र महिला उम्मेदवारको हकमा १८ वर्ष उमेर पूरा भई ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ।

**६. सेवा करार अवधिः-** करार सम्झौताको मितिदेखि ६ (छ) महिनासम्म। आवश्यकता भएमा सेवा करार थप गर्न सकिनेछ।

**७. तलब/सेवा सुविधाः-** प्रचलित कानुन बमोजिम गाउँ कार्यपालिकाले तोके अनुसार।

**८. काम गर्नु पर्ने स्थानः-** लिखु तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापबाट तोकिएको स्थान।

**९. छनौट परीक्षा मिति, समय र स्थानः-** दरखास्त आवेदन पेश गर्ने अन्तिम दिनको भोलिपल्ट १६ औं दिन कार्यालय समयमा फोन मार्फत जानकारी गराइनेछ। (दरखास्त फाराममा सम्पर्क नं. अनिवार्य राख्नु पर्नेछ।)

**१०.** माथि उल्लेखित रीतपूर्वक पेश हुन नआएका दरखास्त आवेदन उपर कुनै कारबाही हुने छैन।

**११.** अन्य केही थप जानकारीका लागि ९८४४३०२२३० मा कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

**१२. दरखास्त आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः-**

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपि
३. कार्य अनुभव प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

***द्रष्टव्यः-*** *छनौट परीक्षा अन्तर्वार्तामा सहभागी हुँदा दरखास्त आवेदन साथ पेश गर्नु पर्ने सम्पूर्ण कागजातको सक्कल प्रमाण पत्र साथमै लिएर उपस्थित हुनु पर्नेछ। अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।*